राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy (NJA), Nepal

प्रकाशन मिति:२०८०.१२.०१

**न्याय प्रशासन सम्बन्धी बिशिष्टिकृत प्रशिक्षण कार्यक्रम (Judicial Studies Course) का लागि**

**प्रशिक्षार्थी आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

राष्ट्रिय न्यायिक प्रतिष्ठानको यस आ.ब.को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतको ३ (तीन) महिने न्याय प्रशासन सम्बन्धी बिशिष्टिकृत प्रशिक्षण (Judicial Studies Course) २०८० चैत्र २० गतेबाट २०८१ असार १९ गतेसम्म सञ्चालन गर्न लागिएको छ। न्याय र कानूनको क्षेत्रमा कार्यरत जनशक्तिलाई विशिष्टिकृत कार्यक्रम सञ्चालन गरी प्रभावकारी रूपमा न्याय प्रशासनको कार्य गर्नका सहजिकरण गर्ने यस कार्यक्रमको उद्देश्य रहेकोछ। यस कार्यक्रमलाई परिष्कृत र परिमार्जन गर्दै अनिवार्य तथा प्राज्ञिक डिग्री हासिल हुने गरी अगाडी बढाउने गरी प्रतिष्ठानले पहलसमेत गरिरहेको छ। अतः उल्लिखित कार्यक्रममा सहभागी हुन ईच्छुक नेपाली नागरीकले देहायको शर्त पालन गरी सूचना प्रकाशन भएको मितिबाट ७ (सात) दिनभित्र योग्यताको प्रमाण खुल्ने कागजात, कुनै निकाय (अदालत/कार्यालय/संघ संस्था) मा कार्यरत जनशक्तिले कार्यरत सम्बन्धित निकायबाट सहभागी हुनका लागि पूर्व अनुमतीको पत्र साथ दरखास्त फाराम प्रतिष्ठानको कार्यालयमा वा अनलाइनबाट बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम प्रतिष्ठानको वेवसाईट www.njanepal.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ। दरखास्त फाराम www.njanepal.org.np लिङ्कबाट समेत अनलाईन भर्न सकिनेछ। लिङ्कबाट फाराम भर्ने निवेदकले आफ्ना कागजातहरु रजिष्ट्रेशनको समयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

**प्रशिक्षार्थीको न्यूनत्तम योग्यता** :

१. कानूनमा स्नातक उपाधि प्राप्त गरी अधिवक्ताको रुपमा निरन्तर आठ वर्ष वकालत गरेको, वा
२. कानूनमा स्नातक उपाधि प्राप्त गरी नेपाल न्याय सेवाको राजपत्राङ्कित पदमा कम्तीमा आठ वर्ष काम गरेको, वा
३. कानूनमा स्नातक उपाधि प्राप्त गरी कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा कम्तीमा आठ वर्ष काम गरेको।

कार्यक्रम सम्बन्धी विस्तृत विवरण प्रतिष्ठानको वेवसाईटमा रहेकोछ ।

**सम्पर्कः**

डा. श्री रमेशप्रसाद रिजाल, जिल्ला न्यायाधीश/फ्याकल्टी, राष्ट्रिय न्यायिक प्रतिष्ठान (९८५११९९९८२)

श्री पारस पौडेल, निर्देशक राष्ट्रिय न्यायिक प्रतिष्ठान (९८५११२०६५४)